# काठमाडौं उपत्यकाका सडक बालबालिका र सो क्षेत्रमा कार्यरत संस्थाहरूको नक्साङ्कन प्रतिवेदन

**( २०७२)**

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
**केन्द्रीय बालकल्याण समिति**
हरिहरभवन, पुल्चोक, ललितपुर

# काठमाडौं उपत्यकाका सडक बालबालिका र सो क्षेत्रमा कार्यरत संस्थाहरूको नक्साङ्कन प्रतिवेदन

**( २०७२)**


नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

**केन्द्रीय बालकल्याण समिति**

हरिहरभवन, पुल्चोक, ललितपुर

प्रकाशकः

नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

केन्द्रीय बालकल्याण समिति

हरिहरभवन, पुल्चोक, ललितपुरध

प्रति : १०००

सर्वाधिकार : केन्द्रीय बालकल्याण समिति

मुद्रक : देवी प्रिण्टिङ्ग प्रेस

शंखमूल, काठमाडौं

# मन्तव्य

नेपाल सरकारले संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धिका प्रावधानहरु लागूगरी नेपाली बालबालिकाको अधिकार सुनिश्चित गर्ने दिशातर्फ अग्रसर रहेको सर्बविदितै छ । यसक्रममा कानुनी, नीतिगत र संरचनागत सुधार भैरहेको छ । राष्ट्रिय योजनामा बालअधिकारलाई समाहित गरिएको छ र बालबालिकासम्बन्धी छुट्टै दुइवटा राष्ट्रिय कार्ययोजनाहरु सम्पन्न भैसकेका छन् ।

बालबालिकाको विकास तथा अधिकार प्रवर्द्धनार्थ सरकारी, गैरसरकारी र निजी संस्था एवम् नागरिक समाजको तर्फबाट बालबालिकासम्बन्धी खासगरी शिक्षा, स्वास्थ्य तथा बालअधिकारसम्बन्धी चेतनामूलक कार्यहरु दिनानुदिन बढ्दै गएको पाइन्छ । तथापी, बालसंरक्षणका सवालहरुमा खासगरी सडक बालबालिका, बालविबाह, बालश्रमजस्ता विषयहरुमा विशेष ध्यान दिनु आवश्यक देखिन्छ ।

बालबालिकाको विकास तथा बालअधिकार संरक्षण र प्रवर्द्धनको सिलसिलामा कतिपय संस्थाहरु सडक बालबालिकाको सवालमा केन्द्रित रही काम गरिरहेकाछन् । तर, सडक बालबालिकाको वास्तविक स्थिति पहिचान गरी कसरी यसको समस्या समाधान गर्न सकिन्छ गर्ने भन्नेतर्फ ठोस नीति तथा कार्यक्रम तर्जुमा गरी सम्बद्ध निकाय वा संस्थाहरु योजनाबद्ध ढङ्गबाट अगाडी बढ्नु अति आवश्यक भैसकेको छ ।

यस सन्दर्भमा, काठमाण्डौं उपत्यकाभित्रका सडक बालबालिका र यस क्षेत्रमा कार्यरत संस्थाहरुको नक्साङ्कनबाट काठमाण्डौंभित्र र अन्य शहरी क्षेत्रमा भएका सडक बालबालिकाको समस्यालाई यथोचित रुपबाट सम्बोधन गर्न सहयोग हुनेछ भन्ने आशा गरेको छु ।

नेपालभित्रका सडक बालबालिकासम्बन्धी समस्या निराकरण गर्ने कार्य हामी सबै सरोकारवाला निकायहरुको साझा दायित्व भएकोले यसतर्फ अझ थप प्रयास हुनेछ भन्नेमा विश्वस्त छु ।

**(डिल्ली राम गिरी)**
अध्यक्ष
केन्द्रीय बालकल्याण समिति

# प्राक्कथन

देशको सर्वाङ्गीण विकासमा बालअधिकारको संरक्षण र प्रवर्द्धन प्रत्याभूत गर्ने सिलसिलामा नेपालले संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धिको पक्षधर भई बालबालिका सम्बन्धि ऐन २०४८ र नियमावली २०५१ लागू गरेको छ भने देशको आठौं योजनादेखि बालबालिकाको सवाललाई राष्ट्रिय विकासको प्रयासमा समाहित गरेको छ। यसै क्रममा बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ समेत कार्यान्वयनमा रहेको छ। बालबालिकाका धेरै समस्याहरु मध्ये सडकमा बालबालिका रहनु पर्ने अवस्था सिर्जना हुनु पनि एक रहेको  छ।

नेपालमा बालबालिकाको हकहितका लागि सरकारको प्रयासलाई सघाउने उद्देश्यले विभिन्न अन्तर्राष्ट्रिय र राष्ट्रिय संघसंस्थाहरु कार्यरत छन्। कतिपय संस्थाहरु सडक बालबालिकाको क्षेत्रमा मात्र केन्द्रित रही काम गरिरहेकाछन्। तथापि यस समस्यालाई प्रभावकारी ढंगले सम्बोधन गर्न सकिएको छैन। सडक बालबालिकाको समस्या समाधानार्थ  राज्यको सम्बन्धित संरचनाहरु समेतको सक्रिय नेतृत्व तथा सहभागितामा यसै क्षेत्रमा क्रियाशिल गैरसरकारी संस्थाहरुसंगको सहकार्यमा एकीकृत कार्यक्रम सञ्चालन हुन आवश्यक छ। अतः यसैनुरुप महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको नेतृत्व तथा केन्दीय बालकल्याण समितिको संयोजनमा अन्य सरोकारवाला निकायको सहभागितामा सडक बालबालिका संरक्षण तथा व्यवस्थापनसम्बन्धी कार्यविधि बनाई एकीकृतरुपमा कार्यक्रम सञ्चालन गरी सडकमा बालबालिका रहनु पर्ने अवस्थालाई अन्त्य गर्ने तर्फ क्रियाशिल हुने प्रक्रिया आरम्भ भएको छ। सडक बालबालिकाको यकिन संख्या, तिनको प्रकृति र सडकप्रति आकर्षित हुनुका कारणहरुबारे अध्ययन नगर्दासम्म बालबालिकालाई पारिवारिक पुनर्स्थापना वा वैकल्पिक स्याहारको प्रबन्ध गर्न कठिन हुने कुरा महसुस गरिएको छ। त्यसैले

हाललाई काठमाडौं उपत्यकाभित्र सडक बालबालिकाको क्षेत्रमामात्र काम गरिरहेका संघसंस्थाको संख्या कति छ, यस्ता संस्थाद्वारा संचालित कार्यक्रम तथा सेवाको स्थिति कस्तो छ, विद्यमान सडक बालबालिकालाई सेवा र सहयोग गर्नसक्ने तिनको थप क्षमता के कस्तो छ भन्ने विषयमा नक्साङ्कन गरी अनुमानित तथ्याङ्ग तथा सूचना सङ्कलन गरिएको छ । यो नक्साङ्कनको सूचना तथा तथ्याङ्क काठमाडौं उपत्यकालाई सडक बालबालिकारहित शहरको रुपमा विकास गर्ने प्रयासमा उपयोगी हुनसक्ने अपेक्षा गरेका छौं ।

अन्तमा यो अध्ययन कार्यमा संलग्न यस समितिका कार्यक्रम सल्लाहकार श्री ज्ञानेन्द्र श्रेष्ठ, बरिष्ठ कार्यक्रम व्यवस्थापक श्री कपिल अर्याल, कार्यक्रम अधिकृत श्री शारदा तिमल्सेना, कार्यक्रम सहायक श्री लोचन रेग्मी र कार्यक्रम सहायक श्री प्रतिष्ठा कोइराला लगायत सूचना जानकारी प्रदान गर्नु हुने सडक बालबालिकाको क्षेत्रमा क्रियाशिल सबै संस्थाहरु धन्यवादका पात्र हुनुहुन्छ ।

**(तारक धिताल)**
कार्यकारी निर्देशक
केन्द्रीय बालकल्याण समिति

# विषयसूची


**अध्याय १ः परिचय** 1–६

१.१. पृष्ठभूमि

१.२ अध्ययनको औचित्य

१.३ उद्देश्य

१.४ अध्ययन विधि

१.५ सर्वेक्षणको सीमा

**अध्याय २ः उपत्यकामा सडक बालबालिका र संस्थाको वर्तमान स्थिति** ७–२६

२.१ सडक बालबालिकाको स्थिति

२.१.१ बालबालिका सडकमा आउने कारणहरु

२.१.२ काठमाडौ उपत्यकाको विभिन्न क्षेत्रमा रहेका सडक बालबालिकाको अनुमानित संख्या

२.१.३ सडक बालबालिकाको प्रकृति

२.२ सडक बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाको स्थिति

**अध्याय ३ः अध्ययनको संक्षिप्त नतिजा, निष्कर्ष र सुझाव** २७–३०

३.१. अध्ययनको संक्षिप्त नतिजा

३.२ निष्कर्ष

३.३ सुझाव

## अध्याय १

# परिचय

### १.१. पृष्ठभूमि

नेपालमा बालबालिकाको क्षेत्रमा बिभिन्न संघ संस्थाहरुले धेरै पहिलादेखिनै कार्य गर्दै आइरहेको पाइन्छ । संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धी १९८९ (बि.सं. २०४६) अनुमोदन पछि बालबालिकाको क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरु बढ्दै गएको देखिन्छ । नेपाल सरकारले पनि बालबालिकाको अवस्थामा सुधार ल्याउनु पर्छ भन्ने मूल मर्मलाई आत्मसात गर्दै बालबालिकासम्बन्धी ऐन २०४८, सोको नियमावली २०५१, बालबालिकासम्बन्धी राष्ट्रिय नीति २०६९ लागू गरेको छ ।

सन् १९९० को दशकबाट सडक बालबालिकाको विविध सवालमा धेरै गैरसरकारी संस्थाहरुले आफ्नो योगदान बढाउँदै आएको देखिन्छ । तथापी, बढ्दो शहरीकरण र विकासको क्रमसँगै शहरी क्षेत्रहरुमा सडक बालबालिकाको संख्या उल्लेख्य रुपमा पाइन्छ भने समस्याको स्वरुप पनि फरक हुँदै आएको पाइन्छ ।

नेपाल सरकारले सडक बालबालिकासम्वन्धी समस्यालाई निराकरण गर्नका लागि बालबालिकाको अभिलेख दुरुस्त गर्ने, सडकमा आएका बालबालिकाको उद्दार गरी आवधिक अस्थायी/अल्पकालिन गृहमा राख्ने एवम् पारिवारिक पुनर्एकीकरण गर्ने नीति लिएको छ । बालबालिकालाई सडकबाट उद्दार गरी स्वास्थ्य सेवा, मनोविमर्श र कुलतबाट छुटकारा दिलाई भविष्यको योजना बनाएर परिवार तथा समाजमा पुनर्स्थापना हुन अभिप्रेरित गर्ने उद्देश्यले विभिन्न संघसंस्थाहरु कार्यरत छन् ।

नेपाल सरकारले १० वर्षे राष्ट्रिय कार्ययोजनामा सडकमा आश्रित बालबालिकाको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने नीति लिएको छ । यस कार्ययोजना (२०६१/६२-२०७१/७२) को अध्याय ४(४) अन्तर्गत बालअधिकार संरक्षण शीर्षकमा बालबालिकामाथि हुने भेदभावविरुद्धको कार्ययोजना अर्न्तगत उद्देश्य नं. १२ मा सडकमा आश्रित बालबालिकाको अधिकार र संरक्षण गर्ने/संख्या घटाउने/ वृद्धि रोकथाम गर्न विभिन्न कार्यक्रमहरू समावेश गरिएका छन् ।

यसै सन्दर्भमा केन्द्रीय बालकल्याण समितिको जानकारीमा रहेका सडक बालबालिकाको क्षेत्रमा कार्य गर्दै आईरहेका पन्ध्र वटा संघसंस्थाहरुले सडक बालबालिकाको क्षेत्रमा के कस्ता कार्य गरिरहेका छन्, कति संख्यामा बालबालिकालाई सेवा पुऱ्याईरहेका छन् तथा उनीहरुले दिएको सेवाको प्रकृति र गुणस्तर के कस्तो रहेको छ भन्ने जस्ता विविध विषयबस्तुलाई समेटिने गरी यो नक्साङ्कन प्रतिवेदन तयार गरिएको छ ।

## १.२ अध्ययनको औचित्य

नेपालमा करिब अढाई दशकदेखि सडक बालबालिकाको क्षेत्रमा काम हुदैं आएको पाइन्छ भने यस क्षेत्रमा काम गर्ने संस्थाहरुको संख्या पनि बढेको देखिन्छ। विभिन्न नीतिगत, संस्थागत र कार्यक्रमगत प्रयास हुँदाहुँदै पनि सडक बालबालिकाको समस्यामा अपेक्षित सुधार आउन सकेको छैन । सडक बालबालिकाको उद्धार, मनोविमर्श तथा मनोसामाजिक उपचार, संरक्षण, पारिवारिक पुनःस्थापना एवम् सामाजिक पुनर्एकीकरण गर्न र बालबालिकालाई सडकमा आउने वातावरण सिर्जना हुन नदिन बालअधिकारसम्बन्धी सचेतना कार्यक्रमहरु तथा तत्काल समस्या सम्बोधनका कार्यक्रमहरु सरकारी, गैरसरकारी, विकासका साझेदार संस्था र नागरिक समाजसँगको समन्वय, सहयोग र सहकार्यमा सञ्चालन भई

रहेका छन् । तथापी, बढ्दो शहरीकरण र विकासको क्रमसँगै शहरी क्षेत्रहरुमा सडक बालबालिकाको संख्या र समस्या उल्लेख्य रुपमा पाइने सन्दर्भमा समस्यालाई प्रभावकारी रुपमा सम्बोधन गर्नको लागि सडक बालबालिकाको अवस्था, बालबालिका सडकमा आउने कारणहरु, यस क्षेत्रमा कार्यरत संस्थाहरुको क्षमता आदिबारे आवश्यक जानकारीको अभाव भएकोले यो अध्ययन गरिएको छ ।

## १.३ **उद्देश्य**

यस नक्साङ्कन कार्यको मूख्य उद्देश्य उपत्यकाभित्रका सडक बालबालिकाको उचित व्यवस्थापन गर्न यस क्षेत्रमा कार्यरत संस्थाहरुको स्थिति र क्षमताको पहिचान गर्नु रहेको छ । विशिष्ट उद्देश्य देहायबमोजिम रहेका छन्ः

- काठमाण्डौं उपत्यकाभित्र सडक बालबालिका उद्धार गर्नु पूर्व सडक बालबालिकाको क्षेत्रमा काम गरिरहेका संस्थाहरुसँग विद्यमान भौतिक सुविधा के कस्तो छ, उपलब्ध सेवा, सुविधा र क्षमता के कति कुन अवस्थामा रहेका छन् सोको लेखाजोखा गर्ने, र

- सडक बालबालिका उपत्यकाभित्रको कुन स्थानमा कति संख्यामा र कस्तो स्थितिमा रहेका छन् सो को अनुमानित तथ्याङ्क तथा सूचना संकलन गर्ने ।

## १.४ अध्ययन विधि

यस अध्ययनले गुणात्मक र संख्यात्मक रुपमा सूचना प्राप्त गर्नको लागि संस्थामा आश्रित र सडकमा नै बसोवास गर्ने बालबालिकाको संख्या, सडक बालबालिकासम्बन्धी कार्यगर्ने संस्थाको संख्या, सडक

बालबालबालिकालाई संस्थामा आश्रय दिने क्षमता, संस्थाका कर्मचारीको संख्या, प्रदान गरिरहेको सेवा, सुविधा, कार्य प्रकृति, बालबालिकाको जीवनशैलीलगायतका सूचनाहरुलाई गुणात्मक रुपमा प्रस्तुत गरिएको छ ।

यसै क्रममा काठमाडौं उपत्यकामा सडक बालबालिकाको क्षेत्रमा प्रत्यक्ष काम गरिरहेका संस्थाहरुलाई केन्द्रीय बालकल्याण समितिमा आफ्नो कार्यक्रमसहित सम्पर्क गर्न सार्वजनिक सूचना जारी गरियो । यस क्षेत्रमा कार्यरत संस्थाहरुसँग समेत भएको अन्तरक्रियाबाट प्रत्यक्ष क्रियाशिल संस्थाहरुको जानकारी संकलन गरियो । अध्ययनको लागि विस्तृत जानकारी आउने गरी प्रश्नावली तयार गरी उक्त प्रश्नावलीको आधारमा उपत्यकाभित्रका सडक बालबालिकाको क्षेत्रमा क्रियाशील तथा जानकारीमा रहेका संस्थाहरुबाट सूचना संकलन गरियो । स्थलगत अध्ययनको क्रममा उक्त संस्थाहरुको भौतिक सुविधा, उपलब्ध सेवा र क्षमताबारे जिम्मेवार पदाधिकारी तथा कर्मचारीहरुसंग अन्तरवार्ता लिइएको थियो । यसका अतिरिक्त संस्थाहरुको भौतिक सुविधा, बालबालिकालाई दिइएको सेवा, बालबालिकाको अवस्था, कर्मचारीले बालबालिकासंग गर्ने व्यवहार, भान्सा, सुत्ने कोठा, शौचालय, दैनिक भोजन तालिका, प्राथमिक स्वास्थ्योपचार जस्ता सेवाहरुको अवलोकनका साथै फोटोको माध्यमबाट पनि सूचना संकलन गरिएको थियो ।

काठमाडौं उपत्यकाभित्र सडक बालबालिकाको सर्वेक्षणका क्रममा सम्पर्क र जानकारीमा रहेका पन्ध्र वटा संस्थाले सञ्चालन गरेका सम्पर्क केन्द्र, सामाजिकीकरण केन्द्र र पुनस्थापना केन्द्रको नक्साङ्कन गरिएको छ । सडक बालबालिका कुन क्षेत्रमा कति संख्यामा रहेका छन् भन्ने अनुमानित सूचना प्राप्त गर्नका लागि यस क्षेत्रमा कार्यरत व्यक्ति, संस्थासंग अन्तरक्रिया/छलफल गर्नुका साथै प्रत्यक्ष रुपमा स्थलगत भ्रमण मार्फत विवरण संकलन गर्ने कार्य सम्पन्न गरिएको थियो । साथै सडक

बालबालिका रहने परिवेशका बारेमा उनीहरुलाई प्रत्यक्ष भेटेर जानकारी पनि लिइएको थियो । यसका साथै सडक बालबालिकासंग काम गर्ने संस्थाका स्थलगत रुपमा काम गर्न खटिएका कर्मचारीहरुसंग छलफल गरी उनीहरुले संकलन गरेको सडक बालबालिका रहने उपत्यकाका मुख्यमुख्य स्थानहरुमा रहँदै आएका बालबालिकाको संख्या पनि यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

संस्थाहरुको विवरण संकलनका लागि छुट्टै प्रश्नावली तयार गरी सूचना संकलन गरिएको थियो । यसका अतिरिक्त सडक बालबालिकासम्बन्धी जानकारीमूलक प्रतिवेदन र पुस्तकहरुको वाङमय अध्ययन तथा व्यक्तिगत अन्तरवार्ता र औपचारिक/अनौपचारिक कुराकानी छलफल गरी थप जानकारीसमेत संकलन गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

### १.५ अध्ययनको सीमा

- सडक बालबालिका रहेका सबै शहरहरुको सूचना तथा तथ्याङ्क समेट्न सकिएको छैन । काठमाडौ र ललितपुरअन्तरगतका संस्थालाई मात्रै समेटिएको छ। काठमाडौका बाह्र र ललितपुरका तीन गरी जम्मा १५ वटा संस्थाहरुको विवरण यस अध्ययनमा प्रस्तुत गरिएको छ । यो अध्ययन सडक बालबालिकाको जनगणना नभई मूलतः यस क्षेत्रमा प्रत्यक्ष क्रियाशिल रहेको भनि सम्पर्कमा आएका संस्थाहरुको क्षमता, सेवासूविधा तथा उनीहरुको स्थलगत भ्रमण अभिलेख र अनुभवका आधारमा गरिएको सामान्य नक्साङ्कन हो । विभिन्न संस्थाद्धारा सञ्चालित "ड्रप इन सेन्टर" तथा आवास सहितका सुधारात्मक गतिविधि एवम् सीप विकाससम्बन्धी कार्यक्रमलाई मात्रै यस नक्साङ्कनमा समेटिएको छ ।

- सडक बालबालिकाको लागि काम गर्ने संस्थाको सम्पर्क केन्द्र, सामाजिकीकरण केन्द्र तथा उक्त केन्द्रमा रहेका सडक बालबालिकालाई मात्रै समावेश गरिएको हुँदा सामाजिकीकरणपश्चात सडक बालबालिका आश्रित रहेका अन्य बालगृह र त्यसमा रहेका बालबालिकाको अवस्था यस अध्ययन प्रतिवेदनमा समावेश गर्न सकिएको छैन ।

- विवरण संकलन गर्ने क्रममा उपत्यकामा सडक बालबालिका रहने सम्भावित क्षेत्रहरु समेटिए तापनि सुकुम्बासी, न्यून भाडादर रहेको बस्ती र सम्पूर्ण धार्मिक स्थलहरुको अध्ययन यो प्रतिवेदनले समेट्न सकेको छैन ।

अध्याय २

# उपत्यकामा सडक बालबालिका र संस्थाको वर्तमान स्थिति

---

## २.१ सडक बालबालिकाको स्थिति

नेपालमा व्याप्त गरिबी, बेरोजगारी, अशिक्षा, चेतनाको कमी, घरेलु हिंसा र समाजमा व्याप्त विभिन्न कुरीति, कुसंस्कार जस्ता कारणका साथै सामाजिक, आर्थिक, राजनैतिक र साँस्कृतिक कारणले गर्दा बालबालिका आफ्नो परिवार छोडेर सडकमा आउने र त्यहीँ बस्ने गरेको पाइएको छ *(बाल संरक्षण तालिम निर्देशिका, के.बा.क.स. २०६७)* ।

नेपालको सन्दर्भमा विशेषगरी दुइ प्रकारका बालबालिका सडकमा आश्रित रहने गरेको पाइन्छ । पूर्ण रुपमै सडकमा बस्ने, काम गर्ने अनि सडकमै सुत्ने एक प्रकारका सडक बालबालिका हुन् भने कमाइका लागि मात्र सडकमा आउने तर बस्न र सुत्नका लागि आफ्ना अभिभावक (अन्य संरक्षक पनि) भएको ठाउँमा जाने अर्को प्रकारका बालबालिकालाई सडक बालबालिकाको रुपमा लिने गरिएको छ ।

सडक बालबालिकालाई युनिसेफ (१९९२) ले निम्नानुसार वर्गीकरण गरेको छ -

क) परित्याग गरिएका बालबालिकाः परिवार र घर नभएको ।

ख) सडक बालबालिकाः घरपरिवार भइकन पनि सडक मै रहनेबस्ने गरेका बालबालिका ।

ग) सडकलाई नै आफ्नो कार्यक्षेत्र बनाई आफन्त र परिवारसित सडकमा रहने बालबालिका ।

घ) उच्च खतरामा रहेका बालबालिकाः यस वर्गमा द्वन्द्व, भोकमरी, सहाराविहीन, घरपरिवारविहीन, जोखिमपूर्ण तथा दुःखदायी अवस्थामा रहेका बालबालिका पर्दछन् ।

सडकमा आश्रित बालबालिका भन्नाले मूलतः फोहरका खात या थुप्राहरू र त्यसमा पाइने कवाडी वस्तुहरूलाई आफ्नो जीवनयापनको स्रोत बनाएका बालबालिकालाई बुझ्ने गरिन्छ । यिनीहरू सडक पेटी, पौवा र मन्दिरमा रात बिताउने र सडकलाई नै कर्मस्थल बनाउने गर्दछन् । सडकमा आश्रित बालबालिकाले सामना गर्नु परेका मुख्य समस्याहरूमा भोकै बस्नुपर्ने, स्वास्थ्य र शिक्षासम्बन्धी सुविधाको अभाव, सीप विकासको अभाव, ठूला तथा पहिले सडकमा बस्ने गरेका बालबालिकाबाट शारीरिक तथा यौनशोषण, दुर्व्यसन आदि पर्दछन् । सडकमा आश्रित बालबालिका लागूपदार्थको प्रयोग तथा अनैतिक, गैरकानुनी तथा असामाजिक कार्यतर्फ पनि अग्रसर हुन बाध्य भएको पाइन्छ । यसरी बालबालिका एकातिर आफ्ना आधारभूत अधिकारबाट बञ्चित भएका हुन्छन् भने अर्कोतिर अरू व्यक्तिबाट हुनसक्ने शोषण, दुर्व्यवहार, भेदभाव आदिको जोखिममा रहेका हुन्छन् ।

### २.१.१ बालबालिका सडकमा आउने कारणहरु

गरिबी, आन्तरिक द्वन्द्व र घरेलु हिंसाजस्ता विविध कारणहरुबाट पिडीत बालबालिका घरपरिवार छोडेर गाउँबाट शहरतिर आउँछन् । कसैको पनि संरक्षणबिना यसरी बालबालिका शहरतिर आउँदा उनीहरुलाई बस्नेखाने समस्या पर्दछ जसबाट बेसहारा भई उनीहरु सडकमा जीवन बिताउन

बाध्य हुनुपर्ने स्थिति आउँछ । बालबालिका सडकमा बस्न बाध्य हुने मुख्य कारणहरुमा पारिवारिक कलह र कुटपिट, प्रलोभनमा फस्नु या अरुको बहकाईमा लाग्नु, आफ्ना आमाबुवा या अभिभावकको माया ममताको अभाव जस्ता समस्याहरु देखिएका छन् । यसका अतिरिक्त शहर र गाउँबीचको आर्थिक एवम् सामाजिक भिन्नताले शहरी जीवनस्तरप्रतिको आकर्षण पनि प्रमुख मानिएको छ ।

नेपालले संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा प्रस्तुत गरेको आवधिक प्रतिवेदको समापन टिप्पणी २००५ को अनुच्छेद ८५ र ८६ मा सडक बालबालिकाका सम्बन्धमा उल्लेख गर्दै भनिएको छ - सडकमा बस्ने र काम गर्ने बालबालिका सडकमा आउनाका कारणहरू निम्न हुनः

१. पारिवारिक कलह,
२. बाबुआमा वा अन्य संरक्षकको अभाव,
३. बहकावमा लाग्नु,
४. सहरीकरणको प्रभावमा पर्नु,
५. घरमालिकको शोषण हुनु,
६. नयाँ कामको खोजी गर्नु,
७. बालबिज्याइँ गरी भाग्नु,
८. लोभ, प्रलोभनमा फस्नु,
९. पैसा कमाएर सुखभोग गर्ने सोच हुनु,
१०. सौतेनी आमा वा झड्केलो बाबुबाट माया, ममता नपाउनु र उनीहरूले हेला गर्नु,
११. घरपरिवार वा समाजका अन्य सदस्यहरूबाट बारम्बार दूर्व्यवहार हुनु आदि ।

### २.१.२ काठमाडौं उपत्यकाको विभिन्न क्षेत्रमा रहेका सडक बालबालिकाको अनुमानित संख्या

सामान्यतयाः सडक बालबालिकाको दैनिकीका आधारमा यस क्षेत्रमा निरन्तर क्रियाशिल संस्थाहरुको अनुभवलाई समेटेर काठमाडौं उपत्यकामा सडक बालबालिका रहने मूख्य २० स्थानलाई समूहगत रुपमा हेरी अनुमानित संख्या उल्लेख गरिएको छ । सडक बालबालिकाको अस्थिर प्रकृतिका कारण उक्त क्षेत्रमा भेटिने सडक बालबालिकाको न्यूनतम र अधिकतम संख्या उल्लेख गरिएको छ ।

अध्ययनका क्रममा भएको प्रत्यक्ष भ्रमण तथा सम्बन्धित संस्थाका प्रतिनिधिहरुका नियमित स्थलगत भ्रमण लगायतको आधारमा सडक बालबालिका रहनेबस्ने गरेका उपत्यकाभित्रका मुख्यतयाः २० स्थानहरुको सडक बालबालिकाको अनुमानित संख्या तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

तालिका १ः काठमाडौं उपत्यकामा रहेका सडक बालबालिकाको अनुमानित संख्या

| क्र.स. | क्षेत्र | सडकमा भेटिने जम्मा संख्या | | १६ वर्षमुनिको जम्मा संख्या अनुमानित |
|---|---|---|---|---|
| | | न्यूनतम | अधिकतम | |
| १ | गौशाला, पशुपति, चावहिल र तिलगंगा | ६० | ८० | २० |
| २ | बौद्ध र जोरपाटी | १५ | २० | ८ |
| ३ | चक्रपथ, महाराजगञ्ज | ३ | ५ | २ |
| ४ | नयाँ बसपार्क | ५ | ८ | ४ |
| ५ | स्वयम्भु | १० | १२ | ३ |
| ६ | कलंकी | १० | १२ | १० |
| ७ | बल्खु | ५ | ७ | ६ |

| | | | | |
|---|---|---|---|---|
| ८ | लगनखेल, पाटन, जावलाखेल, महालक्ष्मीस्थान | १० | २० | ५ |
| ९ | बगलामुखी | ५ | १० | ३ |
| १० | कालिमाटी, त्रिपुरेश्वर, टेकु | १० | १५ | १३ |
| ११ | बसन्तपुर | २१ | २५ | १२ |
| १२ | कोटेश्वर, नरेफाँट, जडिबुटी पारी | ६ | ६ | ० |
| १३ | बानेश्वर | ४ | ६ | ५ |
| १४ | कीर्तिपुर पाँगा (मिल पछाडि) | ५ | ७ | ५ |
| १५ | ठमेल, ज्याँठा चौर | २५ | ३० | ७ |
| १६ | बीर हस्पिटल, सुन्धारा, महांकाल | १२ | १५ | ५ |
| १७ | जमल, दरवारमार्ग, बागबजार, ज्यापुबारी, कमलादी, गणेशस्थान | १५ | १७ | ५ |
| १८ | सोह्रखुट्टे | १३ | १७ | ६ |
| १९ | भक्तपुर दरबार क्षेत्र | १३ | १५ | १४ |
| २० | रामघाट | १० | १५ | ० |
| | **जम्मा** | २५७ | ३४२ | १२७ |

माथि उल्लेखित २० वटा क्षेत्रहरुमा न्यूनतम २५७ र अधिकतम ३४२ बालबालिका तथा नवयुवाहरु सडकमा आश्रित रहेको अनुमान छ । अनुमानित उमेर १६ वर्ष भन्दामुनिको सडक बालबालिका लगभग १२७ जना हुन सक्ने देखिन्छ ।

### २.१.३ **सडक बालबालिकाको प्रकृति**

सडक बालबालिकासम्बन्धी अध्ययनको क्रममा सडकमा युवाहरुसमेत रहेको पाइएको छ । लामो समयसम्म सडकमानै रहने बालबालिकाहरु यूवावस्थामा समेत सडकलाईनै बासस्थानको रुपमा प्रयोग गर्ने हुनाले सडकमा आश्रित बालबालिकाको संख्या धैरै देखिने गरेको छ । विस्तृत रुपमा सडकमा चार प्रकृतिका बालबालिका रहेको पाइन्छ ।

**(क) परिवारसँग सम्पर्कविहिन सडकमा आश्रित बालबालिका**

परिवारको सम्पर्कबाट टाढा भएका बालबालिका पूर्णरुपमा सडकलाईनै घर बनाएर २४ सै घण्टा सडकमा रहने गरेका छन् । यस्ताखाले बालबालिकाले सडकमै खाने, बस्ने, सुत्ने लगायतका सम्पूर्ण दैनिकीहरु सडकमै गर्ने गरेका छन् । यस्ता बालबालिका चुरोट, खैनी, जाँडरक्सी, डेन्ड्राईट सुँघ्ने, गाँजा तथा अन्य लागू औषध समेत प्रयोग गर्ने जस्ता कुलतमा फसेको पनि पाइएको छ । जसका कारणले उनीहरुको स्वभाव तथा स्वास्थ्यमा नकारात्मक असर परेको देखिन्छ ।

केही बालिकाहरु दिनभर होटल तथा रेष्टुराजस्ता क्षेत्रमा कार्य गर्ने र रात सडकमानै बिताउने हुनाले यौन दुर्ब्यवहार र शोषणमा पर्ने खतरा रहेको कुरा यस क्षेत्रमा कार्यरत संस्थाहरुबाट जानकारी प्राप्त भएको छ । सडकमा रहेका बालिकाले आफ्नो सुरक्षाको लागि सडकमा रहेका बालक वा युवाहरुसंग विवाह गर्ने तर लामो समयसम्म विवाह नटिक्ने कारण पुनः अर्को विवाह गर्ने गरेको पनि पाइएको छ ।

यस्ता बालबालिका उपत्यका बाहिरबाट आएका (विषेश गरी छिमेकी जिल्ला), परिवार वा संरक्षकविहिन, भागेर आएका र परिवारको सम्पर्कमा नरहने गरेको पाइएको छ । २४ सै घण्टा सडकमै रहने बालबालिकाले नाङ्ले पसल, माग्नेहरुसंग मिलेर काम गर्ने तथा माग्नेहरुलाई सहयोग गरी आम्दानी गर्ने, ज्यालादारी काम गर्ने, प्लास्टिक तथा कवाड सामान संकलन गर्नेजस्ता विभिन्न पेशामा संलग्न हुने गरेको पाइएको छ । यस्तै प्रकृतिका कामहरु गरेर खास गरी पशुपति क्षेत्रमा रहेका कतिपय सडक बालबालिका तथा युवाहरुले राम्रो आम्दानी गर्ने गरेको बताएका छन् ।

पूर्ण रुपमा सडकमा रहेका यस्ता बालबालिकाको उद्दार तथा पुनर्स्थापना गर्नु केही जटिल तथा चुनौतिपूर्ण कार्य देखिन्छ ।

**(ख) सुकुम्बासी तथा न्यून भाडादरमा रहने क्षेत्रका बालबालिका**

कतिपय बालबालिकाहरु दिनभर सडक केन्द्रित आयमूलक क्रियाकलापमा संलग्न हुने र राती परिवारसंग कोठामा वा सुकुम्बासी बस्तीमा बस्ने गर्दछन् । केही बालबालिकाका अभिभावक एच.आई.भि. र एड्स तथा अन्य दीर्घरोगले ग्रस्त भएकोले आफ्ना सन्तानलाई माग्न पठाई जिविकोपार्जन गर्ने गरेको बताएका छन् । यसका साथै कतिपय सडक बालबालिका स्वयम्भु, नयाँ बसपार्कलगायतका स्थलहरुमा अपाङ्गता भएका व्यक्तिहरुलाई बोक्ने, ह्वील चियरमा डोऱ्याउने र उनीहरुलाई देखाएर पैसा बटुल्ने कार्यमासमेत संलग्न रहेको पाइएको छ ।

बाग्मती, सिनामंगल, जडिबुटीलगायतका सुकुम्बासी क्षेत्रमा बसोबास गर्ने बालबालिका सडक गतिविधिमा क्रियाशिल हुने गरेको पाइएको छ। मदिरा सेवन तथा जुवातासजस्ता कुलतमा लागेका कतिपय अभिभावकहरुले आफ्ना सन्तानलाई माग्न पठाउने र सोबाट भएको आम्दानीबाट परिवारको जीविकोपार्जन गर्ने गरेको पनि पाइएको छ ।

**(ग) परिवार संगै सडकमा रहेका बालबालिका**

गरिबीको कारण महँगो भाडा तिर्न नसकि कतिपय परिवार नै सडकमा बसेर जिविकोपार्जन गर्ने गरेको पनि पाइएको छ। सडक बालबालिकाको परिवार कुनै निकायको सिफारिस लिएर सहयोग गरीदिनु होस् भन्ने व्यहोराको पत्र देखाउँदै अभिभावकहरु पैसा संकलन गर्ने तथा बालबालिका ट्राफिक जाममा रोकिएको मोटरलगायतमा पैसा माग्ने गरेको देखिएको छ। विशेषतः महांकाल, लगनखेल, बसन्तपुर, सुन्धारा, पशुपतिलगायतका

क्षेत्रमा बालबालिका परिवार सहित सडकमा बस्ने गरेको पाइएको छ ।

**(घ) भारतीय मूलका सडक बालबालिका**

धार्मिक स्थल वरपर खासगरी केही भारतीय मूलका परिवारहरु महिनौसम्म सडकमा नै बसेर बालबालिकालाई माग्न पठाई वा आफुले समेत मागी जीविकोपार्जन गर्ने गरेको पाइएको छ । यसका साथै बालबालिकाहरु मुख्यतः कवाड संकलन गर्ने कार्यमा संलग्न रहेको पाइएको छ ।

## २.२ सडक बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाको स्थिति

### २.२.१ कार्यरत संस्थाहरु

विगत लामो समयदेखि उपत्यकामा सडक बालबालिकाको उद्दार, पुनर्स्थापना तथा पुनर्मिलनसम्बन्धी कार्यमा विभिन्न संस्थाहरुले काम गर्दै आइरहेका छन् । कुनै संस्थाहरुले निरन्तर रुपमा काम गर्दै आएको र केही संस्थाहरुले निश्चित परियोजना अवधिसम्म कार्यक्रम सञ्चालन गरी बन्द गरेको पाइन्छ । कतिपय संस्थाहरुले सम्पर्क केन्द्र, सामाजिकीकरण केन्द्र जस्ता अस्थायी प्रकृतिका केन्द्रहरु सञ्चालन गरी सडक बालबालबालिकालाई संरक्षण प्रदान गर्दै आईरहेका छन् । आवासीय संरक्षण प्रदान गर्ने र नगर्ने गरी बालसंरक्षणसम्बन्धी केही सेवासुविधा प्रदान गर्ने र अध्ययनको क्रममा भ्रमण गरिएका १५ वटा संस्थाहरुको नाम, ठेगाना, उक्त संस्थाको प्रकृति (ड्रप इन सेन्टर, सामाजिकीकरण केन्द्र र सडक बालबालिकालाई उनीहरुको रुची र क्षमता अनुसारको सीप प्रदान गर्ने व्यवस्था वा केन्द्र तथा उक्त संस्थाहरुमा हाल रहने/रहेका बालबालिकाको संख्या र बालबालिका राख्न वा सेवा प्रदान गर्न सक्ने अधिकतम क्षमतासहितको विवरण तालिका २ मा प्रस्तुत गरिएको छ ।

## तालिका २ः संस्थाको नाम, प्रकृति र बालबालिका राख्ने क्षमता तथा आश्रित बालबालिकाको संख्या

| क्रस | संस्था | जिल्ला | अध्ययन अवधिमा रहेका बालबालिका संख्या | | | | | जम्मा क्षमता | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | डि आइ सी* | | सामाजिक केन्द्र | | सिप विकास केन्द्र | डि आइ सी | | सामाजिक केन्द्र | | सिप विकास केन्द्रमा |
| | | | बालक | बालिका | बालक | बालिका | | बालक | बालिका | बालक | बालिका | |
| १ | सिपिसियस | काठमाडौं | २५ | - | ५९ | ३४ | - | २५ | ६० | ६० | ४० | - |
| २ | एपिसी | काठमाडौं | २५ | - | ९ | - | १० | ३० | १० | २० | - | १५ |
| ३ | खूशी | काठमाडौं | - | - | - | - | ४ | - | - | - | - | ४ |
| ४ | साथसाथ | काठमाडौं | | - | - | - | ५ | - | - | - | - | १८ |
| ५ | हर्ट विट | काठमाडौं | १५ | - | - | - | - | २० | - | - | - | - |
| ६ | सिविन | काठमाडौं | - | - | - | - | - | - | २० | - | - | - |
| ७ | करूणा नेपाल | ललितपूर | ७ | - | - | - | - | १५ | - | - | - | - |
| ८ | बाल वातावरण केन्द्र, नेपाल | काठमाडौं | - | - | २७ | २३ | - | - | - | ३० | ३० | १० |
| ९ | भिओसी | ललितपूर | २१ | - | - | ४५ | ४१ | ३० | - | ५० | १०० | ४५ |
| १० | साथी | ललितपूर | ४० | ४० | - | - | - | ४० | ४० | १० | ८० | - |
| ११ | विग अम्ब्रेला | काठमाडौं | - | - | १४ | - | - | - | - | १४ | २० | - |
| १२ | आश्रय सेल्टर | काठमाडौं | - | - | २१ | - | - | - | - | ५० | - | - |
| १३ | इन्द्रेणी | काठमाडौं | - | - | - | १६ | - | - | - | - | २० | - |
| १४ | जस्ट वान | काठमाडौं | - | - | ७ | २ | - | - | ६ | ७ | २ | - |
| १५ | रोक्पा | काठमाडौं | - | - | १५ | - | - | - | - | २० | - | - |
| जम्मा | | | १३३ | ४० | १५२ | १२० | ६० | १६० | १३६ | २६१ | २९२ | ९२ |

* डि.आइ.सि. = ड्रप इन सेन्टर

अध्ययन गरिएकामध्ये छवटा संस्थामा ड्रूप इन सेन्टरको व्यवस्था छ । जहाँ सडकबाट सिधै आएका बालबालिकालाई केहि अवधिका निम्ति

राख्ने गरिन्छ । यसमध्ये ललितपुरस्थित साथी संस्थामा मात्र बालक र बालिका दुवैलाई समावेश गरिएको छ । ड्रप इन सेन्टरमा अध्ययन गरिएको समयमा बालक र बालिका गरी जम्मा १७३, सामाजिकीकरण केन्द्रमा बालक र बालिका गरी जम्मा २७२ र सीप विकास केन्द्रमा ६० जना गरी कूल ५०५ जना सडक बालबालिकाले खानेबस्ने, मनोरञ्जन, अनौपचारिक शिक्षालगायत सीपमूलक तालिमको सुविधा पाएको देखिन्छ । यी बालबालिकामध्ये कतिपय बालबालिका ड्रप इन सेन्टर तथा सामाजिकीकरण र सीपमूलक कार्यमा दोहोरिने भएकोले कूल बालबालिकाको संख्या यकिन गर्न कठीन भएको छ। ६० जनाले कागज, बाँस, मैन, कपास, माटोलगायतका सामानबाट विभिन्न हस्तकलासम्बन्धी सीप सिक्ने गरेको पाइएको छ । विभिन्न संस्थाबाट संचालित रहेका ड्रप इन सेन्टरको बालकलाई सेवा प्रदान गर्न सकिने कूल १६० जनाको क्षमतामध्ये हाल १३३ जना मात्र संलग्न भएको पाइएको छ । यसबाट अझ थप २७ जनालाई समावेश गर्न सकिने सम्भावना देखिन्छ भने थप ९६ जना बालिका समावेश गर्न सकिने सम्भावना देखिन्छ । बालक र बालिका दुवैगरी १३७ जना सडक बालबालिकाको लागि मौजुदा ड्रप इन सेन्टरमा समायोजन गर्न सकिने देखिन्छ ।

सामाजिकीकरण केन्द्रमा कूल २६१ जना बालकलाई समावेश गर्न सकिने क्षमता भएकोमा हाल १५२ जनालाई सेवा प्रदान गरिएको छ । यसबाट अझ १०९ जना बालकलाई सामाजिकीकरण केन्द्रमा समावेश गर्न सकिने देखिन्छ । यसैगरी थप १७२ बालिकालाई सामाजिकीकरण केन्द्रमा सेवा दिन सकिने क्षमता देखिन्छ । सीपमूलक कार्यको सन्दर्भमा थप ३२ जना बालबालिकालाई समावेश गर्न सकिने देखिन्छ । सडक बालबालिकाका लागि केन्द्रीत मूख्य तिन प्रकृतिका सेवाहरु ड्रप इन सेन्टर, सामाजिकिकरण केन्द्र र सीप विकास अध्ययनका अवधिमा सबै सेवाहरुमा जम्मा ५०५ जना बालबालिका संलग्न रहेको पाइएको छ भने उक्त संस्थाहरुको जम्मा ९४१ जना बालबालिकालाई सेवा दिन सक्ने क्षमता भएको पाइन्छ ।

यसर्थ अझ करिव ४३६ जना सडक बालबालिकालाई ती केन्द्रहरुबाट विविध खालका सेवा तथा सुविधा प्रदान गर्न सकिने देखिन्छ ।

### २.२.२ संस्थाहरुले सञ्चालन गरेका कार्यक्रमको प्रकृति

संस्थाहरुले आफ्नो कार्यक्रमसंग केन्द्रित रही सडक बालबालिकाको उद्दार र पुनर्स्थापनाका लागि देहायका कार्यक्रमहरु सञ्चालन गरिरहेको पाइएको छ :

क. सडक बालबालिका पहिचान तथा उद्धार (आउट रिच)
ख. ड्रप इन सेन्टर (सम्पर्क गृह)
ग. सामाजिकीकरण
घ. परिवार पहिचान, पुनर्स्थापना तथा पुनर्एकीकरण र परिवार सहयोग एवम् विकास
ङ. आर्थिक सुधार, सचेतना र रोकथाम
च. सीप विकास कार्यक्रम

**क. सडक बालबालिका पहिचान तथा उद्धार (आउट रिच)**

सडकमा भएका तथा सडकमा काम गरेर जीवन धान्ने गतिविधिमा आबद्ध भएका कुनै पनि बालबालिकालाई पहिचान गरी उनीहरुसंग सम्पर्क सम्बन्ध विकास गरी उनीहरुलाई संस्थाका कार्यक्रममा सहभागि गराउन ड्रप इन सेन्टरमा आउन उत्प्रेरित गर्ने प्रमुख उद्देश्यका साथ संस्थाहरुले यो कार्यक्रम सञ्चालन गरेको पाईयो । यस क्रममा नियमित रुपमा सामाजिक कार्यकर्ताहरु स्थलगत रुपमा सडकमा जाने र सडक बालबालिका तत्कालिन समस्या सम्बोधन गर्ने, सहयोग गर्ने र थप सहयोगका निम्ति संस्थामा आउन सूचित गर्ने गरेको

पाईयो । यसमा विशेषगरी स्थलगत रुपमा जाने सामाजिक कार्यकर्ताले खाजा खुवाउने, कुनै कुनै संस्थाले त सडकमै साप्ताहिक रुपमा मासु भात खुवाउने समेत गरेको पाईयो भने कुनै संस्थाले ठूला तारे होटेलहरुमा समेत खाना खुवाउने गरेको समेत पाईएको छ । यसै गरी परोपकारी भावनाले कुनै धार्मिक संस्था तथा सेलेब्रेटीहरुले सडकमै सेवा उपलब्ध गराएता पनि यस्ता कार्यक्रमहरु योजनाबद्ध र उनीहरुको व्यवहार सुधार गरी सडक जिवन त्याग्नलाई उत्प्रेरित गर्ने खालका भने देखिदैनन् । कुनै संस्थाले भने साप्ताहिक रुपमा उनीहरुलाई खेलकुद जस्तैः फुटवल, क्रिकेट लगाएतका उनीहरुको जिवनशैली परिवर्तन गर्ने खालका क्रियाकालापका साथै घूम्ति स्वास्थ्य सेवा उपलब्ध गराउने गरेको पनि पाईएको छ ।

### ख. ड्रप इन सेन्टर

आउट रिच मार्फत सडकमा रहेका बालबालिकासंग सम्बन्ध स्थापित गरी उनीहरुलाई ड्रप इन सेन्टरमा ल्याई स्वास्थ्य परिक्षण गरी आवश्यकता अनुसार मनोविमर्श सेवा प्रदान गर्ने गरेका छन् । यस सेन्टरमा लामो समयसम्म नराखी उनीहरुलाई सामाजिकिकरण केन्द्रमा जान उत्प्रेरित गर्नको लागि तयार गरिन्छ । हाल उपत्यकामा सम्पर्क गृहको रुपमा छ वटा संस्थाले काम गरिरहेका छन् । स्थलगत भ्रमण गर्ने क्रममा संस्थाबाट प्राप्त जानकारी अनुसार संस्थामा आउने बालबालिकाको यकिन संख्या घटबढ भइरहने भएकोले औसत संख्याको आधारमा जानकारी पाईएको छ । यस सेन्टरमा बालबालिकालाई विशेष गरी मनोरञ्जनात्मक क्रियाकलाप गरी सडकमा उनीहरुले गरेका गतिविधिहरुबाट उन्मुक्ति पाउने वातावतरण तयार गर्ने गरिन्छ । कुनै कुनै सेन्टरमा बालबालिका विहान र बेलुकी खाना खान आउने र खाना खाईसके पश्चात पुनः सडकमै फर्किने गरेको

समेत पाईएको छ भने कुनै कुनैमा हप्तादिन सम्म ड्रप ईन सेन्टरमा बसेर पुनः सडकमै समेत फर्केको जानकारी पाईएको छ । एउटै सडक बालबालिका प्रायः सबै ड्रप ईन सेन्टरमा समेत घुम्ने गरेको पनि पाइन्छ । यसै गरी केही भने लामो समयसम्म ड्रप ईन सेन्टरमा आईरहने भएता पनि तर उनीहरुले कुलत तथा सडक जीवनबाट आफुलाई अलग गर्न नसकेका उदाहरणहरु पनि पाईएको छ ।

### ग. सामाजिकीकरण

सामान्यतया छ महिनाको अवधिमा ड्रप ईन सेन्टरबाट प्रायः कुलतहरुबाट मुक्त गरी पूर्व सडक बालबालिकालाई सामाजिकिकरण केन्द्रमा ल्याउने गर्ने गरेको पाईयो । यस केन्द्रमा ल्याई पुऱ्याएपछि विशेष गरी उनीहरुलाई पूनः सडकमा नफर्किने जस्ता कार्यक्रम केन्द्रीत गरेको पाईन्छ । सामाजिकीकरण केन्द्रमा शिक्षालाई केन्द्रमा राखी उनीहरुलाई साक्षर गर्ने, विस्तारै उमेर अनुसार औपचारिक शिक्षातर्फ आर्कषित गरी विद्यालय जान तयार गर्ने गरेका छन् । धेरैजसो सामाजिकीकरण केन्द्रमा आईसकेपछि पूर्व सडक बालबालिकाले आफूलाई निकै परिवर्तन गरी स्तरीय जीवन समेत निर्वाह गरेको पाईयो । यस केन्द्रमा रहेका बालबालिकाले सडकमै गएर सडक बालबालिकालाई सडक जीवन त्याग्न उत्प्रेरित गर्ने समेत गरेका छन् । चित्रकला, हस्तकला जस्ता ह्याण्डिक्क्राफ्टसम्बन्धी तालिम समेत उपलब्ध गराउने गरेका छन् । सामाजिकीकरणमा आईसकेका पूर्व सडक बालबालिकालाई समाजका अन्य मानिस सरहको जीवनशैली र व्यवहार परिवर्तन गर्न उनीहरुलाई पूर्णरुपमा मनोसामाजिक विमर्श गरी विभिन्न चाडपर्वमा सहभागि गराउने, विभिन्न रितिरिवाज, परम्परा र सास्कृतिक सामाजिक विषयमा परिचित

गराउनुको साथै विभिन्न पर्यटकीय स्थलहरको अवलोकन भ्रमण गर्ने गरेको पाईएको छ । सामाजिकीकरण केन्द्रमा आईसकेका बालबालिकालाई उनीहरुको परिवार तथा समुदायमा पूनर्स्थापना गर्नु पर्ने भएकोले यस अवधिमा उनीहरुको परिवारको पहिचान गर्ने र उनीहरुको जीवनको योजना तयार गर्ने गरेका छन् ।

समाजिकीकरण केन्द्रमा हाल १० वटा संस्थाहरुले काम गरिरहेका छन् । प्रायः संस्थाहरुले पहिले सम्पर्क गृहको रुपमा काम गरेर सो केन्द्रलाई हाल सामाजिकीकरण केन्द्रमा परिणत गरेको पनि पाइयो । सडक बालबालिकालाई उद्दार तथा पुनर्स्थापना गर्ने कार्यमा यो केन्द्र अन्य केन्द्रभन्दा बढी संख्यामा पाइयो । साथै यस केन्द्रमा बालबालिको संख्या पनि अन्यमाभन्दा बढी नै छ । यी केन्द्रहरुले नेपाल सरकारले जारी गरेको आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९ लाई आधार मानी सञ्चालनमा रहेका छन् । तथापी उक्त मापदण्डका प्रावधान अनुसार सबै मापदण्डहरु पुरा हुन सकेको भने छैन ।

हाल आवासीय सेवा प्रदान नगरेका संस्थाहरुलाई यही आर्थिक तथा मानवीय सहयोग गर्ने हो भने उक्त सेवा प्रदान गर्नसक्ने अवस्थामा रहेका पाइएको छ भने आवश्यकता अनुसार श्रोतको उपलब्धतामा हाल सञ्चालनमा भईरहेको क्षमता विस्तार गर्नसक्ने अवस्था पनि रहेको देखिन्छ ।

### घ. परिवारिक तथा सामाजिक पुनर्स्थापना तथा पुर्नएकीकरण

यस कार्यक्रमअन्तर्गत सामाजिकीकरण केन्द्रमा रहेका बालबालिकालाई शारीरिक तथा मानसिक रुपमा तयार पारी उनीहरुको परिवार, नातेदार वा वैकल्पिक परिवारमा पुनर्मिलन, पुनर्एकीकरण तथा पुनस्थापना गर्ने गरेको जानकारी पाइएको छ ।

बिसं २०७१ मा पुनर्स्थापना गरिएका बालबालिका संख्या र उक्त संस्थाहरुमा पुनर्स्थापना गर्न सक्ने अधिकतम क्षमता तालिका ३ मा प्रस्तुत गरिएको छ ।

तालिका ३: बि.सं. २०७१ मा पुनर्स्थापना गरिएका बालबालिका संख्या र पुनर्स्थापना गर्न सक्ने अधिकतम क्षमता

| क्र.स. | संस्था | पूनर्स्थापना गरिएका बालबालिका संख्या | पुनर्स्थापना गर्न सक्ने क्षमता |
|---|---|---|---|
| १ | एपिसी | ३० | ३६ |
| २ | खुशि | ४ | ४ |
| ३ | हर्ट विट | ५ | ० |
| ४ | भ्वाइस अफ चिल्ड्रेन | १७४ | १५० |
| ५ | साथी | १ | ० |
| ६ | विग अम्ब्रेला | २ | ० |
| ७ | जस्ट वान | ६ | ६ |
| ८ | साथ साथ | ५ | ० |
| ९ | बाल वातावरण | ६ | १० |
| १० | सिपिसियस | ० | १०० |
| ११ | आश्रय | ० | ५ |
| १२ | इन्द्रेणी | ० | १ |
| | जम्मा | २३३ | ३१२ |

गत वर्ष २०१४ मा विभिन्न संस्थाबाट २३३ जना बालबालिकालाई परिवार तथा समुदायमा पुनर्स्थापना तथा पुनर्मिलन गरिएको विवरण प्राप्त भएको छ । साथै ३१२ जना बालबालिकालाई परिवार र समुदायमा पुनर्स्थापना गर्न सक्ने क्षमता विद्यमान रहेको जानकारी प्राप्त भएको छ ।

संस्था अनुसार पारिवारिक पुनर्स्थापनाको कार्यक्रम फरक रहेको पाइयो । कतिपय संस्थाले सडकबाटै बालबालिकालाई परिवार

तथा समुदायमा पुनर्स्थापना गर्ने गरेका छन् भने केहिले सम्पर्क गृह हुँदै सामाजिकीकरण केन्द्रबाट मात्रै परिवारमा पठाउने गर्ने गरेका छन् ।

### ङ. आर्थिक सुधार सचेतना र रोकथाम कार्यक्रम

पूर्व सडक बालबालिका वा उनीहरुको परिवारको आर्थिक अवस्थामा सुधार गरी जीवनयापनलाई दीगो बनाउने उद्धेश्यले सर्बेक्षण गरिएकामध्ये सातवटा संस्थाहरुलेमात्र आर्थिक विकाससँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिरहेको पाइयो ।

सचेतना र रोकथाम कार्यक्रम सबै संस्थाले सञ्चालन नगरेता पनि कुनै न कुनै रुपमा यस सम्बन्धी कायक्रम सञ्चालन गरिरहेको पाइएको छ । यो कार्यक्रम विशेषतः दुई प्रकारले सञ्चालन गरेको पाइयो ।

१. शहरी क्षेत्रका विपन्न परिवारहरु केन्द्रित (सुकुम्बासी क्षेत्र र विपन्न परिवारका थोरै पैसा तिरेर वहालमा बस्ने परिवार)
२. पूर्व सडक बालबालिकाका परिवार तथा समुदाय

### च. सीप विकास कार्यक्रम

पुनर्स्थापना/सामाजिकीकरण केन्द्रहरुले आर्थिक विकासका लागि बालबालिका/युवाहरुलाई व्यावसायिक तालिम प्रदान गर्दछन् । आत्मनिर्भर बनाउने उद्देश्यले बालबालिका/युवालाई सामाजिकीकरण केन्द्रहरुमा व्यावसायिक तालिमका लागि तयार पार्ने काम गरिरहेको पाइन्छ ।

सीप विकासअन्तर्गत संस्थाहरुले बालबालिकालाई प्रायजसोः हस्तकला, ईलेक्ट्रीसियन, गाडी मर्मत, मोवाईल मर्मत, सिलाइबुनाई

जस्ता तालिमहरु उपलब्ध गराउने गरेका छन् । बि.सं. २०७१ मा एपिसी, खुशी, साथसाथ र भिएसओले ६० जना नव तथा बालबालिकालाई आत्मनिर्भरसम्बन्धी सीप विकास तालिम उपलब्ध गराएका छन् । अहिलेको अवस्थामा सीप विकास गर्न सक्ने अधिकतम क्षमता ९२ रहेको छ ।

### २.२.३ संस्थामा रहेका कर्मचारीहरुको क्षमता अभिवृद्धि

यस क्षेत्रमा काम गर्ने प्रायः जसो संस्थाहरुले आफ्ना कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम प्रदान गर्ने गरेको पाइयो । सडक बालबालिकासम्बन्धी कार्य गर्ने कर्मचारीको संख्या र तालिम प्राप्त कर्मचारीको संख्या तालिका ४ मा प्रस्तुत गरिएको छ । यस्ता तालिम अन्तर्गत बाल अधिकार, बालसंरक्षण, सम्बन्ध विस्तार गर्ने, मनोविमर्श, सामाजिक कार्य र बालगृहसम्बन्धी मादण्ड लगाएतका विषयमा दिने गरेका छन् भने कुनै कुनै संस्थाले प्रतिवेदन तयारी, योजना तर्जुमा र कम्प्युटर सफ्टवेयरसम्बन्धी तालिम उपलब्ध गराएका छन् । कुनै कुनै संस्थाले संस्थाको आचारसंहिताबारे तालिम र सपथ खुवाई बालसंरक्षणप्रति प्रतिबद्धतासमेत लिने गरेका छन् ।

**तालिका ४: अध्ययन गरिएका संस्थाका कूल र तालिम प्राप्त कर्मचारीको संख्या**

| क्र.स. | संस्था | कर्मचारी संख्या | तालिम प्राप्त | तालिम प्राप्त नभएका |
|---|---|---|---|---|
| १ | सिपिसियस | ७२ | ५० | २२ |
| २ | एपिसी | २५ | २० | ५ |
| ३ | खुशी | ३ | ३ | ० |
| ४ | साथसाथ | १४ | १२ | २ |
| ५ | हर्ट विट | २ | ० | २ |
| ६ | करूणा नेपाल | ५ | २ | ३ |

| | | | | |
|---|---|---|---|---|
| ७ | बाल वातावरण केन्द्र, नेपाल | २८ | २१ | ७ |
| ८ | भ्वाइस अफ चिल्ड्रेन | ६३ | ६३ | ० |
| ९ | साथी | ५५ | ५५ | ० |
| १० | विग अम्ब्रेला (Child Street to School) | ६ | ४ | २ |
| ११ | आश्रय सेल्टर | ६ | १ | ५ |
| १२ | इन्द्रेणी | ७ | ७ | ० |
| १३ | जस्ट वान | ९ | ५ | ४ |
| १४ | रोक्पा | ७ | ० | ७ |
| | जम्मा | ३०२ | २४३ | ५९ |

अध्ययन गरिएका संस्थाहरुबाट प्राप्त जानकारी अनुसार सडक बालबालिकाको सवालमा जम्मा ३०२ जना कर्मचारीहरु कार्यरत रहेकोमा २४३ (८९ प्रतिशत) ले बालअधिकार विषयमा र मनोविमर्शबारे कुनै न कुनै तालिम लिएको जानकारी पाइएको छ ।

### २.२.४ सडक बालबालिकाका निम्ति सञ्चालित कार्यकलापहरुको स्वरुप

सडक बालबालिकाका निम्ति कार्यरत संस्थाहरुले सडक बालबालिकाको उद्दार तथा पुनर्स्थापना, सडक बालबालिकाको संरक्षण र विकासको क्रममा विभिन्न स्वरुपमा कार्यक्रम सञ्चालन गरिरहेका देखिन्छन् । संस्थाहरुले तथा कतिपय अवस्थामा व्यक्ति विशेषले पनि सडक बालबालिकालाई सहयोग गर्ने विशेषगरी देहाय बमोजिमका कार्यहरु सञ्चालन गरेको पाइएको छ :

क) सडकमा नै सेवा प्रदान

ख) सडकमा नै मौसमी प्रकृतिका कार्यक्रम (कहिले काहिँ)

ग) संस्थामार्फत गर्ने कार्यक्रम

घ) संस्थामा आवासीय तथा दिवा कार्यक्रम

ङ) धार्मिक स्थलमा दिइने सेवा

**(क) सडकमा नै सेवा प्रदान गर्नेः**

प्रायः संस्थाहरुले सडक बालबालिका तथा युवाहरुका लागि आ–आफ्नै तरिकाबाट गरेका विभिन्न कार्यहरुमध्ये सडक बालबालिकाका लागि सडक मै खाना खुवाउने, खेल खेलाउने, पिकनिकमा लाने, घुम्न लैजाने, स्वास्थ्य परिक्षण गर्ने, सडकमै सामग्रीहरु वितरण गर्ने लगायतका कार्यहरु गरेको पाईएको छ। सडकमा नै यस्ता कार्यहरु प्रायः संस्थाहरुले साप्ताहिक वा मासिक रुपमा गर्ने गरेका छन् । यस्ता कार्यक्रमले उनीहरुसंग सम्पर्क विस्तार गर्न सहयोग पुग्ने बताईएको छ । तर यस्ता गतिविधिले केही बालबालिकालाई सडक मै आकृष्ट गरेको पनि पाइएको छ ।

### (ख) सडकमानै मौसमी प्रकृतिका कार्यक्रम (कहिले काहिँ)

सडक बालबालिकाको क्षेत्रमा काम गर्ने लगायत, अन्य सामाजिक संस्था, सहकारी, कम्पनी र व्यक्तिहरुले सडक बालबालिका केन्द्रित कार्यक्रमहरु मौसमीरुपमा सञ्चालन गर्ने पनि गरेको पाइन्छ । केही व्यक्ति तथा संस्थाहरुले उपकारी भावनाले सडक बालबालिका तथा युवाहरुलाई सडक मै बिस्कुट, फलफुल, कपडा बाँडेर त्यसलाई “सामाजिक कार्य” गरेको भन्ने पनि पाइन्छ । यसका साथै कलाकारलगायत अन्य ख्याति प्राप्त व्यक्तिहरुले आफ्नो जन्मदिन, विवाह उत्सव जस्ता अवसरमा सडक बालबालिकालाई सडक मै विशेष खानेकुरा बाँड्ने गरेको पनि पाइन्छ ।

### (ग) संस्थामार्फत गर्ने कार्यक्रम

केही संस्थाहरुको समन्वयमा सडक बालबालिकालाई पाँचतारे होटल र अन्य होटलहरुमा दिवा तथा रात्रीकालिन खाना खुवाउने जस्ता क्रियाकलापहरु पनि सञ्चालनमा छन् । यसै गरी केही संस्थाहरुले स्वास्थ्यलगायतका सेवाहरु दिनको लागि संस्थाका आउटरिच कार्यकर्तामार्फत संस्थामा बोलाई वा सडक मै सेवा प्रदान गर्ने र पुनः सडकमै पठाई दिने गरेका पनि छन् ।

### (घ) संस्थामा आवासीय तथा दिवा कार्यक्रम

सडक बालबालिकाको क्षेत्रमा काम गर्ने प्रायजसोः संस्थाहरुले आवासीय वा दिवा सेवा सञ्चालन गरेका छन् । आवासीय सेवा प्रदान गर्ने संस्थाहरुले विभिन्न तहमा कसैले सम्पर्क गृह, कसैले सामाजिकीकरण केन्द्रलगायतमा काम गरिरहेका छन् । दिवा कार्यक्रमअन्तर्गत सम्पर्क गृह मात्र सञ्चालन गरी दिउसोको समयमा सडक बालबालिकालाई खाना खुवाउने, मनोरञ्जनमूलक कार्यक्रम गर्ने, सामान्य स्वास्थ्य जाँच गर्ने, जीविकोपार्जनसम्बन्धी सीपमूलक तालिम प्रदान गर्ने गरेका छन् । कुनै कुनै संस्थाले सडक बालबालिकालाई २ देखि ३ घण्टा सम्पर्क गृहमा राख्ने त्यसपश्चात पुनः सडकमै जान दिने गरेका छन् ।

### (ङ) धार्मिक स्थलमा दिइने सेवा

सडक बालबालिकालाई धार्मिक संस्थाहरुले विभिन्न खालका कार्यक्रमहरु गर्ने गरेका छन् । विशेषगरी शनिबारको दिन पारेर साई केन्द्र र चर्चहरुमा सडक बालबालिकालाई खाना खुवाउने गर्ने गरेको पाइएको छ । त्यस्तै मन्दिर र मस्जिदको बाहिर सडक बालबालिका भक्तजनहरुबाट पैसा तथा दान प्राप्त गर्नको लागि बसिरहेका पनि भेटिन्छन् ।

उपरोक्त प्रकृतिका क्रियाकलापहरुलाई हेर्दा केहि कार्यक्रमहरुले परोपकारी दृष्टिकोणले सडकमा रहेकालाई केहि सहयोग पुऱ्याईएको देखिन्छ । जसले बालबालिकालाई दीर्घकालिन पूनर्स्थापना गर्ने तथा सडक जीवनबाट बालबालिकालाई सामान्य जीवन तर्फ उन्मुख गर्ने भन्दा सडकमा नै बस्न उत्प्रेरीत गर्ने देखिन्छ । तर कतिपय चरणबद्धरुपमा सञ्चालित सडकदेखि सामाजिकिकरण र पुनर्स्थापनासम्मका कार्यक्रमले बालबालिकालाई सडकबाट अलग गर्न सहयोग पुग्ने पनि देखिएको छ ।

अध्याय ३

# अध्ययनको संक्षिप्त नतिजा, निष्कर्ष र सुझाव

## ३.१. अध्ययनको संक्षिप्त नतिजा

अध्ययन गरिएका १५ वटा संस्था/केन्द्रहरुबाट कूल ५०५ जना सडक बालबालिकाले ड्रप इन सेन्टर, सामाजिकीकरण केन्द्र र सीप विकास केन्द्रबाट खानेबस्ने, मनोरञ्जन, अनौपचारिक शिक्षालगायत सीपमूलक तालिमको सुविधा पाएको देखिन्छ ।

उक्त संस्थाहरुको जम्मा ९४१ जना बालबालिकालाई सेवा दिन सक्ने क्षमता भएको पाइएकोले अझ करिव ४३६ जना सडक बालबालिका ती केन्द्रहरुबाट विविध खालका सेवा तथा सुविधा प्रदान गर्न सकिने देखिन्छ ।

सम्पर्क केन्द्र, सामाजिकिरण लगायतका विविध केन्द्रहरुले प्रदान गर्ने सेवा तथा सुविधाहरु फरक फरक पाइएको छ, तथापी सम्पर्कमा रहेका सडक बालबालिका लाभान्वित तथा दोहोरिएको पनि पाइयो ।

सडक बालबालिकाहरुले बेलाबेलामा ठाँउ परिवर्तन गरी रहने हुनाले बालबालिकाहरुको एकिन तथ्यांङ्ग राख्न गाह्रो भएको देखिन्छ ।

कतिपय अवस्थामा समाज वा परिवारमा पुनएकिकरण गरीसके पश्चात पुनः सडकमा नै फिर्ता हुने र त्यस्ता बालबालिकाहरुको सही पहिचान नहुने समस्या समेत रहेको पाइयो ।

सडकमा आश्रित बालिकाहरु बालकको तुलनाका बढी जोखिममा रहेको पाइन्छ । कतिपय अवस्थामा बालिकाहरु दिनभर होटल तथा रेष्टुरामा काम गर्ने र रात सडकमा बिताउने गर्दा यौन दुर्व्यवहार र शोषणमा पर्ने खतरा रहेको छ ।

सडक बालबालिकाको क्षेत्रमा कार्य गर्ने कतिपय संस्थाहरुमा कर्मचारी भन्दा बालबालिकाको संख्या न्यून हुनुका साथै एउटै व्यक्तिले सम्पर्क केन्द्र एउटा नामबाट र सामाजिकीकरण केन्द्र अर्कै नामबाट सञ्चालनमा ल्याएको समेत पाइएको छ ।

कतिपय अवस्थामा विभिन्न संस्थाहरुले एकै दिनमा एउटै स्थानका उही बालबालिकालाई सेवा प्रदान गर्ने गरेकोसमेत बुझ्िन आएको छ ।

सडक बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थाहरुले शुरुका दिनमा सडक बालबालिकालाई कानूनी प्रक्रिया पुरा नगरी केवल कल्याणकारी भावनाले मात्र उद्दार गरेको हुँदा अहिले उनीहरु बयस्क हुँदा नागरिकताको समस्या सृजना भएको छ ।

सडकमा आएका बालबालिकाको परिवार पहिचान गर्न कठिनाइ हुने भएकोले जन्मदर्ता गर्नको लागि समेत समस्या भएको छ ।

कतिपय संस्थामा भौतिक पूर्वाधार भएता पनि पर्याप्त आर्थिक श्रोतको कमीले सडक बालबालिकालाई आवश्यक सेवा दिन नसकेको पाइन्छ ।

## ३.२ **निष्कर्ष**

सडक बालबालिकाको संरक्षणमा कार्यरत संस्थाहरुले सडक बालबालिकालाई खानेबस्ने, मनोरञ्जन गर्ने, सिक्ने, एकआपसमा घुलमिल हुने, सीपमूलक तालिम प्रदान गर्ने, परामर्श दिनेजस्ता विविध कार्यहरु

गरिरहेकोले सडक बालबालबालिकाले केही सेवासुविधा पाइरहेका छन् । तथापी, यस्ता संस्थाहरुको सञ्चालन कार्यविधि तयार गरी निश्चित मापदण्ड अनुसार अझ व्यवस्थित र लागत प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

कतिपय व्यक्ति तथा संस्थाहरुले सडकमा नै सडक बालबालिकाका लागि नियमित वा बेलाबेलामा खाना, फलफुललगायत लुगा तथा मनोरञ्जनमूलक कार्यहरु गर्ने गर्दा सडक बालबालिकालाई यस्ता कार्यकलापले सडकको जीवनयापनमा नै आकृष्ट गर्ने र सडकबाट अलग हुन मन नगर्ने जोखिम रहेको देखिन्छ ।

हालसम्म बालबालिका सडकमा आउने मूल कारणको पहिचान गरेर बालबालिकालाई सडकमा आउनबाट नियन्त्रण गर्ने कार्य भएको देखिँदैन भने केहि कार्यक्रमले सडकमा नै तत्कालको आवस्यकता परिपुर्ति गरिदिने तथा केहि कार्यक्रमले भने प्रक्रियागतरुपमा सडकबाट अलग गरी पुनर्स्थापना गर्ने गरेको पाईएको छ ।

## ३.३ सुझाव

क. सडक बालबालिकाको उद्दार तथा पुनर्स्थापना गर्नको लागि तत्काल सडक बालबालिकाको उद्दार तथा पुनर्स्थापनासम्बन्धी स्पष्ट कार्यविधि, मार्ग निर्देशन जारी गर्नुपर्ने देखिन्छ । जस अन्तरगत सरकारी निकायको नेतृत्वमा यसक्षेत्रमा अनुभव प्राप्त संस्थाहरुसँगको सहकार्यमा एकीकृत कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।

ख. सडक बालबालिकाको उद्दार तथा पुनर्स्थापना गर्नको लागि सडक बालबालिका र सडक युवा एक आपसमा अन्तरसम्बन्धित विषय

भएकोले महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र केन्द्रीय बालकल्याण समितिले युवा तथा खेलकुद मन्त्रालय, शिक्षा मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सम्बन्धित विभाग तथा कार्यालयहरु, नेपाल प्रहरी, सिटिभिटी, इभेन्ट, युवा स्वरोजगार कोष, गरिवी निवारण कोष, सडक बालबालिकाकै क्षेत्रमा कार्यरत क्षेत्रमा कार्यरत विभिन्न गैह्र सरकारी संस्थाहरु तथा सो को छाता संगठन नावस लगायतसँग विषयगत छलफल, समन्वय र सहकार्य गर्नुपर्ने देखिन्छ ।

ग. सडक बालबालिकाको उद्दार तथा पुनर्स्थापना गर्नको लागि सरकारी र गैरसरकारी निकायबीच सहकार्य आवश्यक हुनेछ ।

घ. सडक बालबालिकाका लागि कार्य गर्ने संस्थाहरुले विशेषतः

सरकारी निकायसंगको समन्वयमा कार्यक्रम सञ्चालन गरिनुपर्ने । विभिन्न संघ संस्थाबीच समन्वय र कार्यगत एकता गर्नु पर्ने देखिन्छ । एकै स्थानमा एकभन्दा बढी संस्थाले एकै प्रकृतिका कार्यक्रम नगर्ने । तथा एक दुई घण्टाका लागि मात्र कार्यक्रम नगरी चरणबद्ध रुपमा सडकबाट अलग गरी सामान्य जीवनयापन गर्न सघाउने खालका कार्यक्रम सञ्चालन गर्नुपर्छ ।